# पुछारमा...

खगेन्द्र संग्रौला

र, अब पुछारमा एउटा पुच्छर।

पुस्तकको प्राक्कथन पुस्तकको सिरानमा हुन्छ, साँढेको जुरो ढाडमाथि शरीरको सिरानमा भएजस्तै। र, पुच्छर हुन्छ त्यसको शरीरको पुछारमा। आँखा छलूँ भन्दा पनि जुरो टड्कारै देखिन्छ। साँढेका अगाडि आफू पुग्दा सबभन्दा पहिले त्यसको जुरोले हाम्रा आँखामा अतिक्रमण गर्छ। अनि पुछारको पुच्छर?

हाम्रोमा पुस्तकको पुछारमा यसरी पुच्छर गाँस्ने चलन नयाँ हो। त्यसैले पुछारमा पुच्छर हुन्छ भन्ने चेत नै हामीमा छैन, र त्यो पुच्छर पढ्ने संस्कार पनि हाम्रो छैन। पुस्तकको मूल पाठ पढिसक्दा पाठकले कि त खोजेको कुरा अघि नै हात पारिसकेको हुन्छ, अथवा पुस्तक झ्यासझुसको थुप्रो रहेछ भने उसले त्यसलाई पढिसक्दै नसकी बीचैमा कुनातिर मिल्काइदिन्छ। दुवै अवस्थामा पाठक थकित हुन्छ। पहिलो अवस्थामा जान्न खोजेको कुरा जानिसकेर, र दोस्रो अवस्थामा जान्न खोजेको गुदी कुरो फेलै नपरेर। त्यसैले सके पाठकका आँखा पर्दै नपर्ने अथवा परिहालेछन् भने पनि उसले थकानको सुस्केरा हालेर पन्छाइदिने पुस्तकको पुच्छर लेख्नु बडो कष्टको काम हो। यो नदेखिने र नपढिने पुच्छर हो भन्ने कुरामा पहिले नै विश्वस्त हुनु अनि जाँगर मरेको मन लिएर लिंडे पुच्छरको सिर्जना गर्न थाल्नु। क्या फसाद, हकिङ्ग मित्रहरुले मलाई भने- "यो पुच्छर झुण्ड्याइ दिने कामको कष्ट तिम्रा भागमा पऱ्यो।" र, त्यसैले कष्ट झेल्न म विवश छु।

म आशा गर्छु, 'छापामा दलित' नामक यो ढड्डा तपाईंले अवश्य पढिसक्नु भयो। हो, मैले पनि पढिसकें। पढिसकेपछि पुछारमा गर्न बाँकी रहने काम जे पढियो त्यो कस्तो लाग्यो नढाँटिकन सुनाउनु हो। मेरो अनुभव म सुनाउँछु। हुन त यो पुस्तकका सम्पादकहरु मध्ये म पनि एक हुँ। तर यो 'पुछार' भने केवल एउटा पाठक प्रतिक्रिया मात्र हो।

यो ढड्डा पढ्न थाल्दा शुरुमा मलाई रिंगटा लागेको थियो, मैले शब्दहरुको यो घनघोर ज·ल कसरी छिचोल्न सकूँला र? उसमाथि प्रायः अखबारहरुमा लटरपटर पाराले लेखिएका समाचार, सम्पादकीय, टिप्पणी र लेखहरुको यो भवसागर चाङ्ग तर विषय-सूचीमुनि टाँगिएका माउ शीर्षकहरु र तिनकामुनि झुण्ड्याइएका पाठा शीर्षकहरुमा सर्सरी आँखा दगुराउँदा मलाई अलिकता चैनको अनुभव भयो। त्यहाँ दलितको जीवनका बहुआयामहरुलाई अनेक कोणबाट चियाउने जमर्को गरिएको छ। शीर्षकहरुमा अन्तर्निहित अभिप्रायबाटै यसमा विविध विचारहरुको बेरोकटोक उपस्थिति र तिनका माझको झडप अनुभूत गर्न सकिन्छ। त्यसैले मलाई लाग्यो, सामान्यतः लटरपटर लेखनकै नतिजा भए पनि यी पाठ्य सामग्रीहरु एक आयामिक, एकरस र निरस नभई बहुआयामिक छन्, विविध छन् र त्यसकारण राम्ररी पाकिनसकेका भए पनि यी रसयुक्त छन्।

निरङ्कुशतन्त्र भनी बद्नाम भएको र जनआन्दोलनका माध्यमले जनताले अस्वीकार गरेको भूतपूर्व राजनैतिक व्यवस्था ढलेदेखि यताको एक दशकको खुला परिवेशमा दलित जनजीवनको जुगौंदेखि दमित यथार्थ नेपाली छापामा कति उद्घाटित भयो? बौद्धिक बहस र व्यवहारिक आन्दोलनका सन्दर्भमा महिला र आदिवासी-जनजातिको दाँजोमा दलित मुद्दा र दलित आन्दोलनको हैसियत के कस्तो रह्यो? सामन्ती दमनतन्त्रको जुवामुनि दबिएका दलित

जनजीवनका कुनकुन आकांक्षा, पीडा र आक्रोशहरुले छापामा भित्रिन पाए? दलित मुद्दाबारे ककसले मुख खोले? कसरी? कुन कोणबाट? कुन स्वार्थबाट प्रेरित भएर? र, यी सारा गतिविधिहरुबाट दलित संसारले भौतिक र आध्यात्मिक रुपमा के पायो? र, दलित समुदायको भविष्यबारे यसले संकेत गरेको बाटो कता हो? यो ढड्डा पढ्न थाल्दा मेरा मनमा यी र यस्ता अनेकौं जिज्ञासाहरु थिए।

गत दशकमा महिला सम्बन्धी मुद्दाहरु, खास गरेर महिलाहरुमाथि हुने गरेका अनेकन् प्रकृतिका उत्पीडन र हिंसाहरु, वञ्चना र यन्त्रणाहरु, भेदभाव र अपहेलनाहरुका कथाहरुले छापाको मुख देख्ने अवसर पाए। यी सबै अभिव्यक्तिहरुको केन्द्रमा महिलाको अंश अधिकारको मुद्दा रहेको थियो। अंश अधिकारको दाबी महिला गतिविधिहरुको एउटा त्यस्तो मियो थियो जसका वरिपरि महिलाहरुका अन्य आकांक्षा र आक्रोशहरु केन्द्रित भएका हुन्। महिला आवाजले छापामा मनग्गे ठाउँ पाएको कुरा सत्य हो। त्यति मात्र होइन, सरकारी प्रसारण माध्यमहरुमा समेत पनि यस आवाजले यदाकदा धेरथोर ठाउँ नपाएको होइन। तर दुर्भाग्यवश, महिला आन्दोलनले गम्भीर महत्वको ज्वलन्त र जरुरी मुद्दाका रुपमा उठाएको अंश अधिकारको प्रसङ्ग दुश्चक्रमा फसेर अहिले मरेतुल्य भइसकेको छ। यस मुद्दालाई निस्तेज पार्न यथास्थितिप्रेमी सरकारले सधैंजसो आलटाल र छलछामको सहारा लियो। माउ प्रतिपक्षको भूमिका पनि साँचो अर्थमा महिलाहरुको अंश अधिकारको मुद्दालाई सकारात्मक निर्णयको टुङ्गोमा पुऱ्याउने खालको भएन, हावाको दिशा हेरी आफ्नो दिशा परिवर्तन गर्नु जस्तो मात्र भयो। हुँदाहुँदा यस मुद्दालाई भ्रमको भुँमरीमा जाक्ने मनसायले 'अंश अधिकार होइन वंश अधिकार', 'सम्पत्तिमा समान अंश होइन शिक्षामा समान अवसर' भन्ने अमूर्त र दिग्भ्रमकारी तर्कहरु अघि सारिए। विडम्बना के भने उच्च वर्गका र सत्ताको छाता नजिकै उभिएका महिला नेतृहरुले समेत यिनै अमूर्त सूत्रहरुको अन्धरटना गर्दा हाम्रा अभागी कानमा परेको स्वर सुमधुर र सार्थक सुनिएन। त्यस बाहेक, महिला जागरण र सशक्तिकरणका नाउँमा पृष्ठभूमिबाट आइ.एन.जी.ओ, एन.जी.ओ. का माध्यमले सानोतिनो खोलोकै रुपमा बगिआएको रमकले महिला सशक्तिकरण र एकतामा कम र महिला आन्दोलनमा कार्यरत उच्च वर्गीय महिलाहरुको जीवनशैलीको थप विलासिकरण र महिला मुद्दाप्रतिको तिनको संवेदनशीलताको न्यूनीकरण मार्फत् महिला आन्दोलनको निस्तेजीकरण र विभाजनमा नै बढी योगदान गरेझैं लाग्छ। उता राजनैतिक पार्टीहरुको छातामुनि रहेका महिला संगठनहरु तथा नेतृहरुले महिला आन्दोलनमा देखा परेका यी भ्रम र विकारहरुलाई चिरेर अंश अधिकारको मागलाई सशक्त रुपमा अघि बढाउन उल्लेख्य कार्य केही पनि गरेनन्, बरु राजनीतिक सूत्रहरुको रटना गर्नमा नै तिनको थुप्रो उर्जाको अपव्यय भयो।

त्यसैगरी आदिवासी-जनजातिका पीडा, आकांक्षा र आक्रोशहरुले पनि यस अवधिमा छापाका थुप्रै पन्ना ढाकिए। यद्यपि सरकारहरुको असहिष्णुता र भयको मनोविज्ञानका कारण सरकारी प्रसारण माध्यमहरुमा चाहिं आदिवादी-जनजातिको आवाजले यसोक्क चियाउने ठाउँसम्म पनि पाएन भने हुन्छ। एक जातीय एकाधिकारी शासकीय इतिहासको पुनरावलोन र उक्त शासनको जुवामुनि आदिवासी-जनजातिले विगतदेखि वर्तमानसम्म झेल्नु परेको अन्याय, भेदभाव, वञ्चना र पक्षपातका दर्दनाक कथा र व्यथाहरु अज· ठूलो रोषका साथ छापामा छताछुल्ल भए। तर आफ्नो अधिकार र अस्मिताप्रति जनजाति समुदायलाई जाग्रत, संगठित र आन्दोलित तुल्याउन व्यावहारिक स्तरमा खासै उल्लेख्य कार्य भएका दृष्टान्तहरु बिरलै मात्र देखिए। छापामा आक्रोश र रोष प्रकट गर्नमै जनजातिका अगुवाहरुको अधिकांश उर्जा खर्च भइरहेझैं देखिन्छ। आन्दोलनको

व्यवहारिक प्रतिफलका दृष्टिले यो उति सुखद् परिदृश्य हो भन्ने मलाई लाग्दैन।

अनि दलित? दलितका आवाजहरु छापामा त्यति छाउन सकेनन् जति महिलाहरुका र आदिवासी-जनजातिका आवाजहरु छाए। यसो हुनाको बुझिने कारण छ। एक त जनसंख्याको हिसाबले दलित समुदाय माथि चर्चा गरिएका दुई समुदायहरुभन्दा सानो छ। अर्को कुरा, दलितहरुमा साक्षरहरुको संख्या ज्यादै न्यून छ। अझ त्यसमाथि शिक्षितहरुको र अझ त्यसमाथि आफ्नो समुदायका पीरमर्का र आकांक्षाहरुलाई छापासम्म पुऱ्याउने ज्ञान र सीप भएका दलितहरुको संख्या त औंलामा गन्न सकिन्छ भने पनि उत्रो अतिशयोक्ति होओइन। दलित इतरका बौद्धिकहरुका लागि दलितहरुका मर्महरुका आवाजको बाहक बन्नु उत्रो जाँगर र चाखको विषय किन होइन भने यसले तिनको गौरव-गरिमा बढाइदिँदैन, बरु यसबाट छुवाछूतवादी धर्मान्ध शठहरुको रजाइँ चलेको समाजमा तिनको सामाजिक हैसियत घट्ने खतरा रहन्छ। तिनले खिसिट्यूरी र तिरस्कारको पात्र बन्नु अनिवार्य छ। फेरि समाजको किनाराको पनि पल्लो भित्तोमा पुऱ्याइएका दलितका आवाजहरुले लामो दूरी छिचोलेर छापासम्म आइपुग्नु र तिनमा ठाउँ पाउनु उति सरल र सहज कुरा होइन।

तथ्य यस्तो हुँदाहुँदै पनि छापामा न्यून मात्रामा ठाउँ पाएको दलितको आवाजको ओज र महत्ता न्यून छैन। यस सँगालोमा लिपिबद्ध भएका अनेकौ तथ्यहरु साक्षी छन्, यस अवधिमा दलितका कार्यव्यापारहरु केवल शब्दमा मात्र सीमित रहेनन्, आफ्नो जात समुदायको जागरण र न्यायोचित हकदाबीका लागि दलितहरु संगठित भएर साना वा ठूला, सीमित वा व्यापक थुप्रै आन्दोलनहरुमा उठे। ती आन्दोलनहरुमा दलित युवकहरु मात्र होइन, बालकहरु, महिलाहरु र पाका मानिसहरु समेत सरिक भएका छन्। तर महिलाहरु र आदिवासी-जनजातिहरुका आवाजहरु भने प्रायशः शहर-बजारका छापाहरुमा शब्दकर्ममै सीमित रहेका देखिए। यदाकदा सडकमा देखिने महिलाहरुका जुलुसहरुलाई अवसरविशेषका औपचारिकता र बसिबियाँलोका धन्दाहरु भनिदिए पनि हुन्छ। तर दलितहरुको कुरा अर्कै हो। धारा-कुवा, विद्यालय, मन्दिर, स्वास्थ्य केन्द्र, होटल र दूध बेच्ने डिपोहरुमा हुने गरेको अमानवीय छोइछिटो र हेलाँहोचो विरुद्ध दलितहरुका संगठित आवाजहरु उर्लिएका छन्। त्यति मात्र होइन, जिल्ला र गाउँतिर निकासा हुने सरकारी श्रोत-साधनमा आफ्नो भाग दाबी गर्ने काममा कतिपय ठाउँमा दलितहरु जुलुसको दलबलसाथ सामेल भएका छन्। सम्पर्क र आस्था अथवा जागिरधन्दा र रोजगारीका कारण दलितहरु भिन्नभिन्न राजनैतिक पार्टी वा एन.जी.ओ, आइ.एन.जी.ओ. मा विभाजित भएका भए तापनि कमसेकम छुवाछूत विरोधी साझा व्यथा विरुद्ध जुध्ने काममा एकता र सहकार्यको खुकुलो सूत्रमै भए पनि ती सबै आबद्ध भएका देखिए। व्यवहारिक संघर्षका यी पाइलाहरु र यी एकताबद्ध गतिविधिहरुले छापामा सीमित ठाउँ पाएको दलित समुदायको आन्दोलन महिला र जनजातीय आन्दोलनको सापेक्षमा गुणात्मक रुपमा पृथक छ, उच्च छ र गरिमामय छ। पाठकका आँखाले ‘छापमा दलित’ लाई पढ्दा मलाई जानकारी भएको एउटा सुखद् सत्य हो यो।

दोस्रो सुखद् सत्य। गत दश वर्षको उमङ्गयुक्त दलित आन्दोलनमा दलित समुदायका थुप्रै जोशिला र जाँगरिला युवा-युवतीहरुले आफ्नो व्यक्तिगत र समूहगत हक र गरिमा प्राप्तिका लागि मुख खोल्न, कलम चलाउन र पाइला बढाउन सिकेका छन्। यस सँगालोमा टाँगिएका दलित लेखकहरुका नामका सूची र तिनका आत्मविश्वासयुक्त तथा सशक्त आवाजहरु यस सत्यका पत्यारिला प्रमाणहरु हुन्।

तेस्रो सुखद् सत्य। वृहत् दलित समुदायभित्रका उप-जात समूहहरुमाझ हुने गरेको

छोइछिटो सम्बन्धी क्रूर यथार्थ र त्यसका विरुद्ध दलितहरुमाझ उठिरहेका जागरणका झिल्काहरु पनि यस ढङ्डामा देख्न पाइन्छ। दलितहरुभित्रका दलितहरु अर्थात् महिला र बालबालिकाहरुमाथि समुदायभित्रैबाट र समुदाय बाहिरबाट थोपरिने गरेका हिंसा र भेदभावप्रति दलितहरुमाझ संवेदनशीलता र जागरुकता बढ्दै गरेको देखिन्छ। यसरी छापामा दलित जीवनको सतहको मोटो तस्वीर मात्र होइन, त्यसका अन्तरकुन्तरमा दबिएर रहेका सूक्ष्म यथार्थहरु र मिहिन सम्बन्धहरु समेत उद्घाटित भएका छन्।

सामाजिक विकास प्रक्रियामा मान्छेलाई कुन ऐतिहासिक चरणमा, आर्थिक, धार्मिक, व्यवसायगत आदि कुनकुन कारकहरुका आधारमा दलितको दर्जामा गिराइयो भन्ने विषयका टिपोटहरु पनि यस टिपोटमा यत्रतत्र छरिएर छापिएका छन्। समग्र नेपाली समाजको ऐतिहासिक विकास प्रक्रिया सम्बन्धमा वस्तुनिष्ठ र प्रामाणिक स्तरको अध्ययन र शोधको खाँचो खट्किरहेको अवस्थामा दलितहरुको सामाजिक-ऐतिहासिक उद्भव सम्बन्धी लेख-रचनाहरु कम देखापर्नु र देखा परेका सामग्रीहरु पनि प्रायशः सामान्य टिप्पणीकै सेरोफेरोमा सीमित हुनु उत्रो विस्मयको कुरा होइन। दलितबाट मर्यादायुक्त मानिसमा फेरिन दलित समुदायका व्यक्तिहरु र समूहबाट अतीतकालदेखि भए-गरेका प्रयासहरुका कथा र गाथा सामावेश भएको यस पोथाले दलितहरुको आत्माभिमान र आत्मगौरवलाई बढाउनमा बल पुऱ्याउने कुरामा सन्देह छैन भन्ने म ठान्दछु।

यावत् शोषण र दोहन, भेदभाव र तिरस्कार, वञ्चना र अपमानबाट दलित समुदायले मुक्ति पाउने बाटो जातीय संघर्ष हो कि वर्गीय संघर्ष हो? यस ढङ्डामा चर्चामा आएको सर्वाधिक महत्वको सैद्धान्तिक विषय, मेरा विचारमा, यही नै हो। र, पाठकलाई कम बुझाउने र बढी अलमलमा पार्ने विषय पनि सके यही नै हो। जातीय मुक्तिको सिद्धान्तलाई प्राथमिक महत्व दिने पक्षले जातीय उत्पीडनको निर्णायक कारकका रुपमा रहेको अन्यायपूर्ण सामाजिक संरचना र त्यसको रक्षकका रुपमा उभिएको राज्यसत्ताको चरित्रमा परिवर्तन ल्याउनु पर्ने कुरालाई उपेक्षा गरेझैं लाग्छ। अर्कोतिर वर्गीय मुक्तिको सिद्धान्तलाई प्राथमिक महत्व दिने पक्षले चाहिं दलितहरुबाट भइरहेका छुवाछूत र भेदभाव विरोधी व्यक्तिगत तथा समूहगत आर्थिक, सामाजिक तथा सांस्कृतिक आदि दिनदिनैका संघर्षहरुलाई उपेक्षा गरी सामाजिक संरचनाको स्वरुप र राज्यसत्ताको चरित्रमा घ्याप्पै परिवर्तन ल्याउने र सबै समस्याको रामवाण समाधान खोज्ने थोक एजेण्डा प्रस्तुत गर्ने गरेको देखिन्छ। पहिलो मान्यता अन्तर्गत राजनीतिप्रति अरुचि र वितृष्णा समेत पनि देखिन्छ र साथै त्यसमा कताकता जातीय संकीर्णता र विद्वेषको गन्ध समेत पनि आउँछ, र दोस्रो मान्यताले चाहिं पाइला-पाइला गरी जगैदेखि थालेर आर्थिक, सामाजिक तथा सांस्कृतिक सुधार र परिवर्तनका झिना-मसिना तर सम्भव उपायहरुमा आधारित भई दलित समुदायको सीमित संघर्षलाई दलित र समस्त शोषितहरुको विराट् संघर्षमा विकसित गर्ने कुरालाई उपेक्षा गर्छ। तथ्य के हो भने दलित समुदाय आफ्नो हक र मानवीय गरिमाका निमित्त जाग्रत, संगठित र आन्दोलित नभएसम्म कसैको कृपाबाट उसको मुक्ति स्वतः हातलागी भइहाल्दैन।

पाठकका आँखाले हेर्दा यस ढङ्डाले ममा जगाएका अनुभूति र विचार यिनै हुन्। दलित आन्दोलनका सन्दर्भमा आगामी दिनहरुमा बहसको शीर्षस्थ वैचारिक एजेण्डा यही हुनेछ–दलित मुक्तिको वास्तविक बाटो कुन हो? जातीय आन्दोलन कि वर्गीय आन्दोलन? र, यी दुई पृथक स्वरुपका आन्दोलनको मिलनविन्दु कहाँ हो? त्यो विन्दुमा पुग्ने क्रम र प्रक्रिया के हो? यो सैद्धान्तिक बहस जति वस्तुनिष्ठ र तर्कसंगत तथा सूक्ष्म, गहन र व्यापक भयो दलित

आन्दोलनको यात्राको क्षितिज त्यति नै टड्कारो हुँदै जानेछ। *छापामा दलित* ले गर्न नसकेको तर बियाँलो नगरी गर्नैपर्ने भन्ने सन्देश चाहिं सम्प्रेषित गरेको माउ विषय यही हो।

सुदूर गाउँका विकट पाखाभित्ताका त के कुरा राजधानी काठमाडौंमा समेत पनि यस्ता विशिष्ट विषयका पाठ्य सामग्रीहरु सर्वसाधारण पाठकको सहज पहुँचभित्र रहने गरी संकलन गरिदिने वाचनालय वा पुस्तकालयहरु छँदै छैनन्। तसर्थ पठनको यो अप्ठेरोलाई दृष्टिगत गरी बटुलबाटुल गरेर सँगालिएका दलित विषयक सामग्रीहरुको यो ठेली दलित आन्दोलनका अगुवाहरु र दलित समुदायका साक्षरहरुका लागि त हुनुसम्म उपयोगी हुने नै छ, यस विषयका अध्येता र शोधकर्मीहरुलाई पनि यो कम उपयोगी हुने छैन।